## कोहलपुर नगरपालिकामा नव निर्वाचित जनप्रतिनिधीको १०० दिनको अवधिमा भएका मुख्य मुख्य उपलब्धीहरुः

मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई मिति २०७९ ज्येष्ठ ९ मा सपथ ग्रहण गरि कार्यभार सम्हाल्नु भएका नगर प्रमुख श्री पुर्ण प्रसाद आचार्य ज्यू एवम् उहाँको नेतृत्वमा रहेको नगर कार्यपालिकाको निर्णयबाट १०० दिन (जेठ ११- भाद्र १४) को अवधीमा देहायका कार्यप्रगति/कार्य थालनी भएको हुँदा नगरबासीको जानकारीको लागि मुख्य मुख्य विषयहरु प्रकाशित गरिएको छ ।

- नगरपालिकाले गर्ने सम्पूर्ण कार्यहरु पारदर्शी एवं सहभागीता मूलक तवरलेगर्ने गरिएको, सम्पूर्ण निर्णय एवं सूचनाहरु नगरपालिकाको वेब साईट, फेशबुकपेज आदिबाट नियमित प्रकाशन गर्ने गरिएको, कार्यपालिकाको निर्णय सोहि दिन वाभोलिपल्ट नै प्रमाणित गरी सार्वजनिक गर्ने गरिएको,
- दमकल ब्यवस्थापन तथा आकस्मिक सेवाको लागि यस अघि पैसा लाग्ने ल्याण्डलाईन बाट सेवा दिईदैआएकोमा निःशुल्क प्रयोग गर्ने दमकलको नम्बर १०१ संचालनमा ल्याएको,
- नगर क्षेत्रका विपन्न जेहेन्दार विद्यार्थीको लागि नगर प्रमुखछात्रवृत्ति कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा रहेको, सामुदायिक विद्यालयमा शिक्षक अभाव हुन नदिन स्वयंसेवक शिक्षकको कार्यक्रम स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको,
- आर्थिक मितब्ययीता एवं पारदर्शीताको लागि कोटेशन खरिद प्रणालीनिरुत्साहित गरिएको, गर्नै पर्ने भएमा कम्तीमा ७ दिनको सूचनाबाटप्रतिशपर्धात्मक तवरले गर्ने गरिएको, राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन, स्टेशनरी मसलन्द सामग्री लगायत विभिन्न किसिमका खरिद टेण्डर बाट गर्ने गरिएको,
- सरकारी एवं सार्वजनिक जग्गा संरक्षणको लागि कुनै पनि ब्यक्ति संस्था वानिकायलाई जग्गा उपलब्ध नगराउने नीति अवलम्बन गरिएको ।
- सार्वजनिक जग्गा अतिक्रमण गरी बनाईएका संरचनाहरु हटाउन सुरुवात गरिएको र क्रमशः गर्दै लगिने,
- स्थानीय भू उपयोग परिषद गठन गरी नगर क्षेत्रको सम्पूर्ण जग्गा कृषि एवंगैर कृषि क्षेत्रमा वर्गीकरण गरिएको,
- राष्ट्रिय भूमी आयोगको जग्गा वितरण प्रयोजनार्थ जग्गा नापजाँचको कार्यअन्तिम चरणमा पुगेको, यस प्रयोजनार्थ सम्पूर्ण जग्गालाई ग्रामीण, सहरोन्मुखर सहरी क्षेत्रमा विभाजन गरिएको,

- योजना ब्यवस्थापनका लागि समयमै कार्य सम्पन्न गर्न, बजेट तथा कार्यक्रमएकीन नभई योजना कार्यान्वयन नगर्न, जथाभावी हुने आर्थिक दायित्व लगायतकागतिविधि बन्द गरिएको,
- नगरपालिकाको बजेट, योजना तथा कार्यक्रम निर्धारित अवधिमै तर्जुमा गरीस्वीकृत भएको एक महिनाभित्रै पुस्तिका प्रकाशन गरी वेब साईटमा समेत राखिएको (गत वर्षमा मंसीरमा प्रकाशन भएको),
- कोहलपुर नगरपालिकाको आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रम (हाम्रो कोहलपुर) तयार गरी सम्पूर्ण विद्यालयहरुमा नेपाली भाषामा अध्यापनहुने गरी यसै आर्थिक वर्षदेखि लागु गरिएको,
- फोहरमैला विसर्जनका लागि ल्याण्डफिल साईटको प्रबन्ध एवं सम्झौता गरी कार्यान्वयन गरिएको,
- कर्मचारी ब्यवस्थापन सम्बन्धमा दरबन्दी भन्दा अधिक संख्यामा रहीनगरपालिकालाई थप आर्थिक दायित्व सिर्जना भएका ज्यालादारी तर्फ कार्यरत एवंसेवा प्रदायक संस्थाबाट कार्यरत जनशक्तिलाई सेवा निरन्तरता नदिईएको,
- सम्पूर्ण संगठन एवं प्रशासन सुधारको लागि सुझाव दिन पूर्व सचिव श्री शारदा प्रसाद त्रितालको अध्यक्षतामा एक कार्यदल गठन गरि कार्य सम्पन्न भई प्रतिवेदन यही आश्विन मसान्त सम्म प्रतिवदेन प्राप्त हुने गरि कार्य अघि बढाइएको,
- नगरपालिकाको श्वेत पत्र निर्माणको काम सुरु भएको,
- नगरपालिका अन्तर्गतका विभिन्न शाखा उपशाखा, वडा, स्वास्थ्य संस्थासम्पूर्णबाट हुने कार्यक्रमहरुको एकरुपता एवं खर्च मित्ब्यीता गर्नप्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ तर्जुमागरी लागु गरिएको, जसको नमूना अन्य दर्जनौं पालिकाले समेत अवलम्बन गर्न माग गरेका,
- जथाभावी ईन्धनको प्रयोग तथा वितरण बन्द गरिएको, ईन्धनको कुपन प्रणाली बन्द गरिएको,
- नगर प्रहरी ऐनको समयसामयिक संसोधन गरी कोहलपुर नगर प्रहरी नियमावली, २०७९ जारी गरिएको, जस अनुरुप पूर्ण पारदर्शी एवं प्रतिश्पर्धात्मक विधि/मापदण्डको पूर्ण पालना गरी नगर प्रहरी भर्ना छनौट गरी नियुक्त गरिएको, प्रहरी तालिम केन्द्रको समन्वयमा तालिम ब्यवस्थापन गरिएको,

- सुरक्षित आप्रवाशन कार्यक्रम सामी को लागि सेवा प्रदायक संस्थाको म्याद सकिएकोमा नगरपालिका आफैले संचालन गर्न थालेको,
- समयमा काम सम्पन्न नगर्ने निर्माण ब्यवशायीलाई कारवाहीको दायरामा ल्याईएको,
- गत विगत वर्षहरुमा अत्यावश्यक भई तत्काल ग्राभेल गर्ने तथा ह्युमपाईपजडान गर्ने कार्य नगर दररेटमा (पूरा दरमा) हुने गरेकोमा यस वर्ष ईटेण्डरबाटसोको ब्यवस्थापन गरियो जस्मा ह्युम पाईपतर्फ करिव ४५% एवं ग्राभेल तर्फकरिव ५८% घट रकममा सम्झौता भईप्राविधिक एवं जनप्रतिनिधीको स्थलगत रुपमा अनुगमन तथा निगरानीमा निर्माण/मर्मत कार्य भईरहेको,
- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभिन्न चरणमा बैठकहरु गरी समयमै सम्पन्न गर्ने गरी कार्यतालिका बमोजिम कार्य गर्दै आईएको, खर्च गर्ने अख्तियारी समयमै दिईएको, २०७९ भाद्र मसान्त सम्म खरिद विधि निर्धारण गरी खरिद कार्य अघि बढाईएको, योजना तथा कार्यक्रम आर्थिक वर्षको अन्त्यमा हुनेगरेको मा अब देखि जेठ मसान्त पश्चात कुनै पनि योजनाको म्याद नरहने गरी नीति तय गरिएको,
- आर्थिक वर्ष २०७९/८० को लागि कार्यक्रम कार्यान्वयन पुस्तिका तर्जुमा गरीसम्पूर्ण कार्यक्रम सम्पादन गर्ने फोकल ब्यक्ति तोकिएको,
- यस बीचमा २ वटा सार्वजनिक सुनुवाई गरिएको, नगर सभाका बैठकहरु एवं आवश्यकता अनुसार अन्य बैठकहरु प्रत्यक्ष प्रसारण (Live) गर्ने गरिएको, समयमै वार्षिक समीक्षा सम्पन्न गरिएको,
- कोहलपुर नगरपालिकामा मालपोत तथा नापी कार्यालय स्थापनाको लागि भवन मर्मतसम्भार गरी उपलब्ध गराईएको एवं उद्घाटन समारोहको ब्यवस्थापन सम्पूर्ण खर्च ब्यहोरी समारोह ब्यवस्थापन गरिएको,
- नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरिएको,
- कोहलपुर नगर विकास समिति, शिक्षा समिति लगायत नियमानुसार गठन हुनेसम्पूर्ण समितिहरु गठन गरिएको, कोहलपुर नगर खेलकुद विकास समिति गठन गरी पूर्णता दिइएको।
- नेपालगंज कोहलपुर सडक क्षेत्रको कोहलपुर चौराह देखी हवलदारपुर सम्म सडकबत्ती मर्मत/जडान गरि असोज मसान्त भित्र सञ्चालन हुने तयारीमा रहेको।

- प्रदेश वन मन्त्रालयको समन्वयमा कोहलपुर नेपालगंज सडक खण्डको गोल्छा देखि जानकी गाउँपालिकाको सिमाना सम्म वृक्षारोपण सम्पन्न भएको र पिपरी देखि राम मा वि सम्म सडक ग्रिन बेल्टमा रेलिङ्ग निर्माण सम्पन्न भएको।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि नगर प्रमुख द्वारा अनुगमन कार्यको थालनी भएको र सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर र भौतिक सुधार कार्य अगाडी बढाइको।
- डिजिटल कोहलपुर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) कार्य सुरु भएको।
- कोहलपुर नगरपालिकाको प्रशासनिक भवनको ठेक्का सम्झौता भई निर्माण कार्य सुरु गरिएको ।
- नगरपालिका क्षेत्रभित्र नयाँ भवन निर्माण गर्ने नागरिकहरुलाई १००० वर्ग फिट भन्दा मुनि क्षेत्रफल भएका घर निर्माणका लागि नगरपालिका द्वारा निःशुल्क घरनक्सा निर्माण/डिजाईन तथा प्राविधिक परामर्श सेवा उपलब्ध गराइने कार्यको थालनी भएको।

कोहलपुर नगरपालिका

नगर प्रमुखको सचिवालय

मितिः२०७९।०५।२२